मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ८४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ २६ गते बुधवार (Wednesday, February 9. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## छुटेलगत्तै पक्राउ

**काठमाडौं, माघ २५।** विभिन्न अवैध गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ परेका सन्तोषचन्द्र बखेल थुनामुक्त भएका छन् ।

राजश्व ठगी लगायतको अभियोग लागेका उनलाई राजश्व अनुसन्धान विभागले धरौटीमा छाड्ने आदेश दिएको हो । विभागले उनलाई एक करोड ६५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो ।

महानगरीय अपराध अनुसन्धान महाशाखा बानेश्वरले उनलाई पक्राउ गरेको थियो । राजश्व छलीको मदिरासहित उनलाई १४ माघमा पक्राउ गरिएको हो ।

बखेलसहित पक्राउ परेका रवीन पाखिनलाई १

*(बाँकी अन्तिम पृष्ठमा)*



**तोङ्वाको स्तम्भः** ताप्लेजुङको सदरमुकाम नजिकै रहेको पर्यटकीयस्थल सुकेटार क्षेत्रमा पर्यटकलाई आकर्षित गर्नका लागि बनाएको तोङ्वाको स्तम्भ । **तस्वीर : दिलकुमार लिम्बू/रासस**

### आगलागीको घटनापछि मेचीनगर नगरपालिकाको चासो

## विपद् व्यवस्थापनको प्रतिबद्धता

**झापा, माघ २५।** विपद् व्यवस्थापनका लागि आवश्यक औजार उपकरण भए पनि चुस्त राख्न नसकेको चौतर्फी आलोचना खेपिरहेको मेचीनगर नगरपालिकाले विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि पारदर्शी ढंगले पालना गराउने प्रतिबद्धता जनाएको छ ।

गत माघ २० गते मेचीनगर-६स्थित एसएस फुटवेयर जुत्ता उद्योगमा आगलागी भएसँगै नगरपालिकाले विपद् व्यवस्थापनका लागि कार्यविधि पारदर्शी ढंगले कार्यान्वयन गर्न लागेको हो ।

नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५को दफा ३को उपदफा २ बमोजिम गठित विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा नगर प्रमुख बिमल आचार्यले स्थानीय सरकारलाई विपद् व्यवस्थापन सम्वन्धि ठोस कानून बनाएर कार्यान्वयनमा लैजाने बताए । नगरमा दुई वटा वारुणयन्त्र रहेपनि चुस्त नहुँदा आगलागी तथा विपद्का समयमा वारुणयन्त्र प्रयोगमा नआएपछि स्थानीयले नगरपालिकाको चर्को विरोध गर्दै आएका थिए ।



मेचीनगरमा भएको आगलागीमा नगरकै दमकल प्रयोगमा नआएको भन्दै विपद् व्यवस्थापनमा नगरपालिका उदाशीन रहेको टिप्पणी हुँन थालेसंगै नगरले नगरस्तरीय विपद् व्यवस्थापन समितिको वैठक बोलाएको हो । नगरले मेचीनगरको धुलावारी, इँटाभट्टा काँकरभिट्टा क्षेत्रमा विपदको समयमा पानीको आपूर्तिलाई थप सहज बनाउन पानी पोखरी निर्माणका लागि आवश्यक सहकार्य एवम् समन्वय गर्ने, आगलागीबाट हुने विपद् जोखिम न्यूनीकरण गर्न वारुणयन्त्रलाई सहज रुपमा पानी आवश्यकपर्ने 'आयर हाइड्रेन्ट' को सञ्चालन तथा प्रयोग सम्बन्धी थप जानकारी गराउन खानेपानी उपभोक्ता समूहहरुले प्राविधिक सहयोग एवम् समन्वय गर्ने भएको छ ।

विपद् जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन समितिमार्फत मेची उद्योग वाणिज्य संघ, स्थानीय सुरक्षा निकाय एवम् सरोकारवाला निकायसँग समन्वय गरी अनुगमन गर्ने, विपद् व्यवस्थापन

*(बाँकी अन्तिम पृष्ठमा)*

## कमल थापाले त्यागे राप्रपा



**झापा, माघ २५।** राष्ट्रिय प्रजातन्त्र पार्टीका निवर्तमान अध्यक्ष कमल थापाले पार्टीबाट अलग भएको घोषणा गरेका छन् ।

हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा उनले पार्टीबाट अलग हुने घोषणा गरेका हुन् । 'अत्यन्तै भारी मन तथा पीडावोधका साथ मैले राप्रपाबाट अलग हुने निर्णय गरेको छु । पार्टीभित्र देखा पर्न थालेको सैद्धान्तिक विचलन तथा गलत प्रवृतिलाई सुधार गरेर मेरो बाँकी क्रियाशील राजनीतिक जीवन पार्टीभित्रै बिताउने र पार्टीमै रमाउने उत्कट चाहना भए तापनि आफ्नो कुराको सुनुवाइ नहुने भएपछि मैले यो अप्रिय निर्णय लिन बाध्य भएको हुँ'- उनले पत्रकार सम्मेलनमा भने ।

थापाले पार्टी परित्यागको घोषणा गरेपछि राप्रपामा तरङ्ग सिर्जना भएको छ । हिन्दूराष्ट्र र राजतन्त्रको एजेण्डालाई सशक्त बनाउने लक्ष्य लिएको पार्टीबाट महत्वपूर्ण हस्ती मानिएका थापा बाहिरिएपछि तरङ्ग सिर्जना भएको हो ।

गत मंसीर दोस्रो साता पार्टी अध्यक्षमा पराजित भएपछि थापाले आफूलाई निर्मल निवासले चुनाव हराएको दाबी गर्दै सो प्रकरणमा पार्टीले छानबिन गर्नुपर्ने माग गर्दै आएका थिए । तर, अध्यक्ष राजेन्द्र लिङ्देनले यो विषयमा छानबिन हुन नसक्ने बताएपछि उनले पार्टी नै परित्याग गरेका हुन् ।

थापाले पार्टी परित्याग गरेसँगै अध्यक्ष लिङ्देनले पार्टीभित्र हुनसक्ने सम्भावित क्षति रोक्न आन्तरिक छलफल तीव्र बताएका छन् । थापाले छिट्टै राप्रपाकै

*(बाँकी अन्तिम पृष्ठमा)*

## मोरङका दुई स्थानमा संकटकाल घोषणा

**पथरी, माघ २५।** संघीय सरकारले मोरङका दुई स्थानीय तहमा संकटकाल घोषणा गरेको छ । सोमवार मन्त्रीपरिषद्को बैठकले मोरङका ग्रामथान-१ खुनियाकट्टा र बूढीगंगा-५मा फैलिएको बर्डफ्लू रोक्न संकटकाल घोषणा गरेको हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्री महेन्द्रराय यादवले बर्डफ्लू नियन्त्रण गर्न एक साताका लागि संकटकाल घोषणा गरिएको जनाएका हुन् ।

पशुसेवा विभागले माघ १६ गते उक्त क्षेत्रमा पालिएका कुखुराको नमूना परीक्षण गर्दा बर्डफ्लू पुष्टि भएको थियो ।

विभागका निमित्त महानिर्देशक लेखराज दाहालले केन्द्रीय पशुपन्छी अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा पीसीआर विधिबाट परीक्षण गर्दा बर्डफ्लू पुष्टि भएको जानकारी दिए ।

सो स्थानमा र अन्य स्थानमा थप संक्रमण फैलन नदिन उक्त बैठकले संकटकाल घोषणा गरेको हो ।

## झापाको १५ वटै स्थानीय तहमा माओवादी इञ्चार्ज

**झापा, माघ २५।** झापाका १५ वटै स्थानीय तहमा नेकपा माओवादी केन्द्रले इञ्चार्ज र सह-इञ्चार्ज तोकेको छ । माओवादी केन्द्र प्रदेश नम्बर १ समितिको बैठकले १५ वटै स्थानीय तहमा इञ्चार्ज र सह-इञ्चार्ज तोकेको हो ।

पार्टीको मेचीनगर इञ्चार्जमा पुष्प गुरागाँई र सहइञ्चार्जमा पनिता ढकाललाई जिम्मेवारी दिइएको छ । त्यस्तै वुद्धशान्ति गाउँपालिकामा छत्रबहादुर तिम्सिना र अस्मिताकला लिम्बूलाई इञ्चार्ज र सहइञ्चार्जको जिम्मेवारी दिएको पार्टीले जनाएको छ ।

अर्जुनधारा नगरपालिकामा देवकला प्रसाईले इञ्चार्जको जिम्मेवारी पाएका छन् । त्यस्तै बिर्तामोड नगरपालिकामा युवराज दाहाललाई नेकपा माओवादी केन्द्रले इञ्चार्जको जिम्मेवारी दिएको छ । भद्रपुर नगरपालिकामा नरेश सञ्जेललाई इञ्चार्जको जिम्मेवारी दिएको छ भने सहइञ्चार्जमा पुकार राजवंशी, मेदनी शिवाकोटी र एनपी वनेमलाई जिम्मेवारी दिइएको छ ।



कचनकवल गाउँपालिकामा बुद्ध नेपाल इञ्चार्ज र दलबहादुर तामाङ सहइञ्चार्ज रहेका छन् । हल्दिवारी गाउँपालिकामा राजेन्द्र पोङ्हाङ्गलाई इञ्चार्जको जिम्मेवारी दिइएको छ भने बाह्रदशी गाउँपालिकामा देवी ओझाले इञ्चार्जको जिम्मेवारी पाएका छन् । त्यस्तै रणकुमार राजवंशी र गोपाल सुब्बालाई सहइञ्चार्जको जिम्मेवारी दिइएको छ ।

कनकाई नगरपालिकामा गोपल प्रसाईलाई इञ्चार्ज र शारदा प्रसाईलाई सहइञ्चार्जको जिम्मेवारी दिइएको छ । झापा गाउँपालिकामा ज्यावुल हकले इञ्चार्जको जिम्मेवारी पाएका

*(बाँकी अन्तिम पृष्ठमा)*

## ब्राण्डेड भन्दै गुणस्तरहीन सामग्री बेचेर ठगी

**काठमाडौं, माघ २५।** कम गुणस्तरका विद्युतीय तथा स्टेशनरी सामग्रीहरु ब्राण्डेड भन्दै बर्दिया जिल्लाका केही विद्यालयहरूमा उच्च मूल्यमा बिक्री गरी सर्वसाधारणलाई झुक्याई ठगी गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-२५ बस्ने ३९ वर्षीय प्रकाश बराल क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।

उनले बर्दिया जिल्लाका केही विद्यालयहरुमा क्षेत्रीले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको नाम प्रयोग गर्दै साइवर एण्ड लाइब्रेरी नाम गरेको कम्पनीको नाममा प्रविधिसँग जानकार नभएका विद्यालय तथा संघ-संस्थाहरुलाई भ्रममा पार्दै कम गुणस्तरका विद्युतीय तथा स्टेशनरी सामग्रीहरु उच्च मूल्यमा बिक्री गरेका थिए । जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले प्राप्त सूचनाको आधारमा गुलरिया नगरपालिका-६स्थित बङ्लामुखी बिद्यालयको परिसरमा उक्त सामग्रीहरु बिक्री बितरण गरिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो ।

क्षेत्रीबाट नगद १ लाख ९२ हजार रुपैयाँ, विभिन्न बैंकका चेक ३ थान, साइबर एण्ड लाइब्रेरीको नाममा रहेको बिल ठेली ४ थान, प्रिन्टर १९ थान, मनिटर १९ थान, सिपियु १९ थान, प्रोजेक्टर १७ थान, पेनड्राईभ १७ थान, क्याल्कुलेटर १७ थान, राईटिङ बोर्ड २० थान, सीसीटीभी १८ थान, कि बोर्ड १९ थान लगायत बिभिन्न पुस्तक र क्यालेण्डर भएको कार्टुन २९ थान प्रहरीले बरामद गरेको छ ।

## शिक्षकलाई अब 'निजामती सरह सुविधा'

**काठमाडौं, माघ २५।** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले शिक्षकलाई पनि निजामती कर्मचारी बराबर सेवासुविधा दिइने बताएका छन् ।

मन्त्री पौडेलले शिक्षकहरूको आन्तरिक बढुवा, पेन्सन र तलबलगायत राज्यबाट दिइने सुविधाहरू निजामती कर्मचारी सरह बनाउने गरी काम अघि बढेको बताएका छन् । उनले भने- कर्मचारी र शिक्षक दुवै राज्यबाट सञ्चालित महत्वपूर्ण स्थानमा छन् । कर्मचारीले बढी सेवासुविधा पाउने तर शिक्षक सेवा आयोगबाट उत्तीर्ण भएर विद्यालयमा जानेले चाहिँ तलब वा सेवासुविधा कम पाउनु अन्याय हो ।

त्यसैले क्रमशः सेवा सुविधा समान गर्न कार्यक्रमहरू अघि बढाएका छौं । शिक्षकहरूको छाता सङ्गठन नेपाल शिक्षक महासंघले 'निजामती कर्मचारी सरह सुविधा शिक्षकहरूको हकको कुरा' भएको बताउँदै मन्त्री पौडेलको भनाइ स्वागतयोग्य गरेको बताएको छ ।

**शिक्षा मन्त्रीले अरू के भने ?**

मन्त्री पौडेलले शिक्षकहरूका लागि अस्पताल निर्माणका लागि समिति गठन भएको पनि बताए । उनले करिब १८ वर्षदेखि रोकिएको आन्तरिक बढुवा नियमावली संशोधन गरी विज्ञापन खुला गरिएको बताए ।

शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन भई परीक्षाको पाठ्यक्रम तथा आन्तरिक प्रतियोगितात्मक परीक्षासम्बन्धी व्यवस्था गरिएको छ ।



**शिक्षकहरूको माग**

विभिन्न शिक्षक संघहरूको छाता सङ्गठन नेपाल शिक्षक महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीका अनुसार करिब दुई महिनादेखि शिक्षकहरू ३४ सूत्रीय मागसहित शिक्षा मन्त्रालयका अधिकारीहरूसँग वार्तामा छन् ।

उनीहरूले काज, स्वास्थ्य र दुर्घटना बिमालगायत विषयमा निजामती कर्मचारी सरह सुविधाको माग गर्दै आएका छन् । शिक्षकको तलब तथा ग्रेड निजामती कर्मचारी सरह छ । तर अघिल्लो सरकारले ल्याएका केही कार्यक्रममा उनीहरू समेटि, हामी समेटिएनौं- सुवेदीले भने ।

**के हुन् त ती कार्यक्रम ?**

आर्थिक वर्ष २०७८/७९ को बजेट घोषणाका क्रममा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले सरकारी कर्मचारीलाई १० दिनको पारिश्रमिकसहित पर्यटन बिदा दिने बताएका थिए ।

आन्तरिक पर्यटन प्रवर्द्धन र कर्मचारीलाई प्रोत्साहन गर्नका लागि उक्त सुविधा दिइएको सुवेदी बताउँछन् । शिक्षकहरूले सोही सुविधाको माग गरेका छन् । त्यस्तै शिक्षकहरूले स्वास्थ्य सुरक्षा बिमा र दुर्घटना बिमाको समेत माग गरिरहेका छन् । पर्यटकीय काज र बिमाको प्रबन्ध शिक्षकहरूका लागि पनि हुनुपर्छ । तीन वटा तहको ग्रेडिङ सम्बन्धी पनि आग्रह छ- सुवेदीले भने ।

**ग्रेड संख्यामा असमानता**

प्राथमिक तृतीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम तहका शिक्षक र समान तहका निजामती कर्मचारीहरूको ग्रेड संख्या फरक भएको शिक्षकहरूको गुनासो रहेको छ ।

प्राथमिक तृतीयमा ६ ग्रेड छ भने सोही तहका निजामतीमा १० ग्रेड, निम्न माध्यमिक तृतीयमा ८ ग्रेड छ भने समान तहको निजामतीमा १० ग्रेड। त्यस्तै माध्यमिक प्रथममा ६ ग्रेड भएकोमा समान तहका कर्मचारीको ७ ग्रेड छ । ग्रेडले शिक्षक वा सरकारी कर्मचारी स्थायी भएको एक वर्षपछि उनीहरूले प्राप्त गर्ने थप तलब निर्धारण गर्छ । ग्रेडिङमा विभेद छ । एक ग्रेड भनेको एक दिनको तलब बराबर हुन्छ । त्यसमा समानता कायम गरिनु पर्‍यो ।

**के हुन् शिक्षकका अन्य माग ?**

निजामती कर्मचारी र शिक्षकहरूबीच समान सेवाका सर्त तथा सुविधाको मागसँगै अन्य ३४ वटा मागका बुँदाहरूबारे छलफल भइरहेको महासङ्घका महासचिव सुवेदीले जानकारी दिए ।

शिक्षामा राज्यको बजेटको २० प्रतिशत लगानी हुनु पर्ने शिक्षकहरूको माग रहेको छ । त्यस्तै अनिवार्य र निःशुल्क शिक्षा व्यवहारमा लागू हुनुपर्छ, स्थायी शिक्षकहरूको आवधिक बढुवा, राहतलगायत सम्बन्धमा पनि वार्ता भइरहेको बताए ।

त्यसै गरी हालको बाल कक्षा र उच्च माध्यमिक तहका शिक्षकहरूको दरबन्दीमा परिणत गरेर स्थायित्व विषय पनि उठान भएको बीबीसीले उल्लेख गरेको छ । आन्तरिक वा खुला प्रतियोगितामार्फत शिक्षकहरूलाई स्थायी बनाउने सम्झौता भएको छ । त्यस सम्झौता लागू हुनु पर्‍यो- उनले भने ।

**फ्ल्याट भाडामा**

आवास तथा कार्यालयका लागि व्यवस्थित र सुरक्षित फ्ल्याट भाडामा रहेको छ ।

**बिर्तामोड-१, बाल्मीकि स्कूल छेऊ**

**मोवाइल नं. ९८२४९४२२००**

**ठाकुर पोलिक्लिनिकमा काठमाडौंका बरिष्ठ डाक्टरहरूको सेवा**

**डा. रवीन्द्र सिमखडा**
MD (Internal Medicine) DM (Cardiology)
**बरिष्ठ मुटु रोग विशेषज्ञ**
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र काठमाडौंबाट यसपटक फागुन ७ गते शनिवार

**डा. नेहा हुमागाँई मैनाली**
MBBS (KU) MD (KU)
वरिष्ठ स्त्री रोग विशेषज्ञ
यसपटक फागुन १४ गते शनिवार

**डा. रोमिला चिमरिया**
MBBS, MD (PEDIATRICS)
बरिष्ठ बाल मुटुरोग विशेषज्ञ
नेपाल मेडिकल कलेज काठमाडौं
यसपटक फागुन १४ गते शनिवार

**डा. विवेक रौनियार**
MBBS, MD (NEURO Physician)
बरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ यसपटक फागुन २१ गते शनिवार

सम्पर्क: पश्चिम बस स्टेण्ड, बिर्तामोड (झापा)
फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१

## समाजवादी प्रेस संगठन झापाको अध्यक्षमा अनिलदेव



**झापा, माघ २५।** समाजवादी प्रेस संगठन झापाको अध्यक्षमा अनिलदेव राई चयन भएका छन् ।

मंगलबार विर्तामोडमा सम्पन्न भेलाले राईको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । संगठनको उपाध्यक्षमा दिलीप थापा, सचिवमा रिता दाहाल, सहसचिवमा बिमर्श उप्रेती, किशोर उपरकोटी र गोविन्द ल्वागुन, कोषाध्यक्षमा कमल बुढाथोकी रहेका छन् ।

त्यस्तै सदस्यहरूमा नवराज सुवेदी, नकुल राजवंशी, डिकेन्द्र बस्नेत, जयकुमार राई, विनोद राजवंशी, सुभराज लामिछाने, शंकर भट्टराई र छत्रबहादुर राई रहेका छन् ।

समाजवादी प्रेस संगठनका केन्द्रीय उपाध्यक्ष तथा प्रदेश नं. १का इन्चार्ज तीर्थ सिग्देलको अध्यक्षतामा सम्पन्न भेलामा नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य निलमणि बराल, जिल्ला अध्यक्ष बेदराज रेग्मी, संगठनका सस्थापक केन्द्रीय सदस्य लीला बराल, पर्वत पोर्तेल, जीएन शर्मा, धर्मेन्द्र मामा र पार्टीका बिर्तामोड अध्यक्ष श्रीप्रसाद सिटौलाले मन्तव्य राखेका थिए ।

# युट्युब र फेसबुक नियमनको पहल

**झापा, माघ २५।** युट्युब, फेसबुकलगायतका सामाजिक सञ्जालबाट सम्प्रेषित सामग्रीप्रति चौतर्फी आलोचना भइरहेका बेला यसको नियमन तथा व्यवस्थापन गर्न प्रेस काउन्सिल नेपालले पहल थालेको छ ।

जसका लागि प्रेस काउन्सिल नेपालले विज्ञसँग छलफल गर्दै राय समेत लिएको छ । विज्ञसँग भएको छलफलमा राज्यको नियामक निकाय काउन्सिललाई थप सशक्त र सक्रिय बनाउनुपर्ने सहभागीले सुझाव दिएका छन् ।

कार्यक्रममा सहभागी सम्बद्ध विज्ञ र जानकारहरूले नियमन र निर्देशनसँगै मिडियालाई जिम्मेवार बनाउनुपर्ने बताएका थिए । पत्रकार माधव चौलागाँईले सोसल मिडियालाई जिम्मेवारी बोध गराउनुपर्ने भन्दै काउन्सिलको पहिलो प्राथमिकता यस विषयमा जनचेतना फैलाउने हुनुपर्ने धारणा राखे ।

विज्ञ उज्ज्वल आचार्यले कसैको घरभित्र पसेर व्यक्तिगत कुरा सार्वजनिक गर्नु पत्रकारिताको नैतिकताभित्र नपर्ने बताए । उनले मिडिया र सोसल मिडियाको समस्या फरक भएकाले नियामक निकायहरूबीच सहकार्य आवश्यक रहेको बताए । अधिवक्ता बाबुराम अर्यालले सोसल मिडिया र मिडियामा भिन्नता रहेको भन्दै अनुमतिबेगर खिचिएको भिडियो, यौनजन्य भिडियोलगायतका सामग्री पत्रकारिताको मान्यताभित्र नपर्ने स्पष्ट पारे । काउन्सिलले सैद्धान्तिक रूपमा प्रष्ट भएर आ-आफ्नो



कर्तव्य अघि बढाउन उनले सुझाव पनि दिए ।

पत्रकार एवम् सूचना प्रविधि विज्ञ बिनोद भट्टराईले सञ्चारकर्मी र पत्रकार फरक भएको भन्दै काउन्सिलको भूमिकाबारे प्रष्ट हुनुपर्ने बताए । पत्रकारिताको न्यूनतम मूल्य-मान्यता कायम राख्नकै लागि भए पनि सामाजिक सञ्जालबाट दिइने सामग्रीको अध्ययन हुनुपर्ने उनको भनाइ थियो । इञ्जिनियर विरोध रिजालले इन्टरनेटको प्रयोगबाट विभिन्न एप्स र सञ्जालमा आउने अडियो/भिडियो पत्रकारिताभित्र नपर्ने उल्लेख गरे । सामाजिक सञ्जालको आफ्नै मूल्य-मान्यता हुने भएकाले कुन कन्टेनमा रिपोर्टिङ्ग गर्ने भन्ने विषयले अर्थ राख्ने उनको भनाइ थियो ।

पत्रकार घनेन्द्र ओझाले कसैको घरभित्र पसेर व्यक्तिगत कुरा सार्वजनिक गर्नु पत्रकारिताको नैतिकताभित्र नपर्ने भन्दै काउन्सिलले सामाजिक सञ्जाललाई हेर्नु नपर्ने बताए । कसैले सञ्जालबाट गलत गरेमा सोही सञ्जालबाट बहिस्कृत हुने भन्दै उनले काउन्सिलले सञ्चारजगतलाई मात्र हेर्न सुझाव दिए ।

काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले सोसल मिडियाबाट आउने अडियो-भिडियो सामग्रीहरूमा पत्रकारिता भए/नभएकोबारे बुझ्न र काउन्सिललाई सुझाव दिन छलफल राखिएको बताए ।

इन्टरनेटबाट दिइने सामग्रीलाई कसरी व्यवस्थित गराउने भन्ने सम्बन्धमा काउन्सिल गम्भीर भएको भन्दै उनले सल्लाह, सुझावलाई ग्रहण गर्दै राज्यका निकायसँग समन्वय र सहकार्य गरेर अघि बढ्ने विश्वास व्यक्त गरे ।

बोर्ड सदस्य ठाकुरप्रसाद बेलबासेले पत्रकार र मिडिया के हो भन्ने बुझ्न आवश्यक भएको भन्दै सोसल मिडियाबाट पत्रकारिताको नाममा गरिँदै आएका अभ्यासको समीक्षा गर्ने समय आएको बताए । भावनाको व्यापार पत्रकारिताभित्र नपर्ने भन्दै स्वतन्त्रताको उपभोगसँगै कर्तव्य पालना गर्नुपर्ने उनको भनाइ थियो ।

बोर्ड सदस्य शरदप्रसाद अधिकारीले काउन्सिलले आचारसंहिताको परिधिभित्र रहेर स्वस्थ पत्रकारिताको विकासको लागि मिडियालाई नियमन र निर्देशन गर्ने गरेको बताए । मुख्य अधिकृत झविन्द्र भुसालले प्रविधिको विकाससँगै पत्रकारिताको क्षेत्र पनि फराकिलो बन्दै गएकाले समस्याहरू बढेको बताए । उनले सामाजिक सञ्जाललगायत इन्टरनेटका माध्यमबाट प्रकाशन हुने सामग्रीलाई पत्रकारिता भनेर अङ्गिकार गर्ने वा नगर्ने भन्ने विषयमा अन्यौल रहेको बताए ।

वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले सहभागीबाट आएका सल्लाह र सुझावबाट युट्युबलगायत सामाजिक सञ्जाल र अनलाइन मिडियालाई व्यवस्थित गर्ने विषयमा गृहकार्य गर्न सहज हुने बताए । उप-प्रशासकीय अधिकृत रामशरण बोहराले सामाजिक सञ्जालका नाममा बढ्दो बेथिति रोक्न काउन्सिलले प्रयास गरिरहेको बताए ।

# एमाले त्यागेर कांग्रेसमा प्रवेश

इलाम, माघ २५। इलामका युवा नेता एवम् समाजसेवी लाप्साङ शेर्पा नेकपा एमाले परित्याग गरि नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

इलाम सदरमुकाम स्थित नेपाली कांग्रेस पाटी कार्यलायमा आयोजित कार्यक्रममा शेर्पा सहित अन्य युवाहरु कांग्रेसमा प्रवेश गरेका हुन् । जिल्ला सभापति डम्बर खड्का, जिल्ला सदस्य हुकुमलाल थेबे सहित अन्य नेताले खादा लगाएर पार्टीमा स्वागत गरेका थिए । नेपाली कांग्रेसले लोकतन्त्र र मुलुकको रक्षा गर्ने निष्कर्ष निकालेर कांग्रेसमा प्रवेश गरेको शेर्पाको भनाइ छ ।

सभापति खड्का र जिल्ला सदस्य थेबेको अग्रसरतामा उनिहरु कांग्रेसमा प्रवेश गरेका हुन् । सभापति खड्काले



आगामी निर्वाचनमा कांग्रेसलाई बहुमत दिलाउने गरी काम गर्न नवप्रवेशीलाई आग्रह गरे । खड्काले भने- ढुक्क हुनुहोस् कांग्रेसले युवाहरुलाई अरुको मुलुकमा काम गर्न जाने होइन स्वदेशमै उद्यमी बनाउन चाहन्छ ।

खड्काले लाप्साङजस्ता ऊर्जाशील युवा आउनु कांग्रेसको सुखद भविष्य रहेको बताए । शेर्पा इलामका युवा समाजसेवीका रुपमा समेत परिचित छन् ।

# कमलमा लोकसेवा तयारीको निःशुल्क कक्षा

**कमल, माघ २५।** कमल गाउँपालिकाले लोक सेवा आयोगको निःशुल्क तयारी कक्षा शुरु गरेको छ । विभिन्न सिपमूलक तालिम कार्यक्रम सञ्चालन गर्दै आएको पालिकाले यसपटक लोकसेवा आयोग सम्बन्धी परीक्षाको तालिम कार्यक्रम शुरु गरेको हो ।

विगत केही वर्षदेखि गाउँपालिकाले नयाँ क्षेत्रमा जनशक्ति उत्पादनका लागि काम गरिरहेको छ । यसैक्रममा गाउँपालिकाले आफ्नै क्षेत्रबाट निजामति क्षेत्रमा समेत कर्मचारी उत्पादन गर्न सहज होस् भन्ने उद्देश्यले वार्षिक कार्यक्रम नै बनाएर कार्यान्वयन गरिरहेको छ ।

विगत २ वर्षदेखि गाउँपालिकाले बजेटबाटै सम्बोधन गरेर निःशुल्क रुपमा गाउँमा रहेका युवालाई लोकसेवा तयारी सम्बन्धीको कक्षा निःशुल्क दिइरहेको छ । सोही अनुसार यो वर्ष पनि ५० जना विद्यार्थीका लागि निःशुल्क लोकसेवा कक्षाको शुरु गरेको हो ।

सोमवार उद्घाटन गरिएको कक्षा निरन्तर ५० दिनसम्म सञ्चालन हुने छ । तालिमको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले उद्घाटन गरेकी थिइन् । कमल-५स्थित कोभिड अस्पतालको सभाहलमा तालिम सञ्चालन हुनेछ ।

लोकसेवाको क्षेत्रमा राष्ट्रियस्तरमा ख्यातिप्राप्त प्रशिक्षकद्वारा प्रशिक्षण दिइने सञ्चालक सस्थाका प्रिन्सिपल राजु गौतमले जानकारी दिए । यस प्रकारको तालिमले युवाहरुलाई लोकसेसवामा आकर्षण बढाउनुका साथै लोकसेवाका बारेमा जानकारी समेत प्राप्त हुने विश्वास उनले प्रकट गरे । कार्यक्रममा गाउँपालिका अध्यक्ष काफ्लेले यो तालिमको अधिकतम् फाइदा उठाएर लोकसेवामा नाम निकाल्न प्रशिक्षार्थीहरुलाई शुभकामना दिएकी थिइन् । यस्तै गाउँपालिका उपाध्यक्ष बेनु शिवाकोटीले लोकसेवाको तयारी गर्न निकै खर्च लाग्ने र बाहिर जानुपर्ने बाध्यता समेत रहेकोले पैसा तिर्न नसक्ने र लोकसेवा पास गरी सरकारी सेवामा काम गर्न इच्छुक युवाहरुका लागि लक्षित तालिम सञ्चालन गरिएको बताए ।

लोकसेवा क्षेत्रमा पूर्वका युवाहरुलाई अवसर दिन र यसको महत्व विस्तार गर्न समेत यो कार्यक्रमले मद्दत पुर्‍याउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान राईले बताए । कर्मचारी बृत्त हेर्ने हो भने अधिकांश पश्चिम जिल्लाका छन् । पूर्वतिरका कमै मात्र उत्पादन हुने गरेकोमा यस्ता तालिमले सरकारी सेवामा प्रवेश गर्न इच्छुक युवाहरुका लागि सहयोग पुग्ने अधिकृत राई बताउँछन् ।

हरेक वर्ष १०० जना विद्यार्थीलाई प्रशिक्षण दिँदै आएकोमा यही तालिममा सहभागीमध्येबाट १४ जनाले नाम समेत निकालिसकेको र विभिन्न स्थानीय तह लगायत सरकारी निकायहरुमा सेवा शुरु गरिसकेको समेत कार्यक्रम सञ्चालन गर्ने सस्था सीएससीआइका संस्थागत प्रिन्सिपल राजु गौतमले बताए ।

### विपद् ...

सम्बन्धी कार्ययोजना बनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, वारुणयन्त्रलाई थप चुस्तदुरुस्त राख्ने, जोखिम न्यूनीकरण पूर्व तयारीका लागि सबै सरोकारवाला निकायबीच आवश्यक समन्वय गर्ने नगरपालिकाले निर्णय समेत गरेको छ ।

बैठकमा मेचीनगरका छुट्टाछुट्टै दुई अलग-अलग स्थानमा भएका आगलागीका घटनाबाट भएको जनधनको क्षतिका विषयमा मेचीनगर नगरपालिकाले दुःख व्यक्त गरेको छ । नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा घटनाप्रति दुःख व्यक्त गर्दै आगलागीमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरिएको छ ।

नगरले एसएस फुट्वेयर जुत्ता उद्योगमा भएको आगलागीको घटनामा आगो नियन्त्रणमा सहयोग पुर्‍याउने काँकरभिट्टा खानेपानी तथा सरसफाई समिति, इलाका प्रहरी कार्यालय काँकरभिट्टा, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना, छिमेकी नगर तथा गाउँपालिका, मित्रराष्ट्र भारत, वारुणयन्त्र, स्थानीय नगरवासीलगायत सबैलाई धन्यवाद ज्ञापन गरेको छ ।

बैठकमा सरोकारवाला निकायहरुबीच सहकार्य समन्वय गरी अनुगमन तथा निरीक्षण गर्ने, विपद् व्यवस्थापन सम्बन्धी कार्ययोजना बनाई सचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने, वारुणयन्त्र सञ्चालन व्यवस्थापनलाई अझ चुस्तदुरुस्त राख्ने तथा थप वारुणयन्त्रको व्यवस्थापन गर्ने, विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारीमा सबै सरोकारवाला निकायहरुबीच भइरहेको सहकार्य एवम् समन्वयलाई थप प्रभावकारी बनाउने वैठकले निर्णय गरेको नगरका प्रेस संयोजक लक्ष्मी उप्रेतीले जानकारी दिए ।

वैठकमा नगर प्रमुख आचार्यले आयावारीमा भएको आगलागीका घटनामा परी घाइते भएकाहरुको उपचार विभिन्न अस्पतालमा गरिएको र उनीहरुको खर्च नगरपालिकाले गरेको तथा मृतकलाई राहत स्वरुप रकम उपलब्ध गराएको जानकारी गराएका थिए ।

आगलागीबाट क्षति पुगेको उद्योगलाई नगरपालिकाको तर्फबाट गर्नुपर्ने साथ सहयोगका बारेमा कार्यपालिकाको वैठकमा छलफल गरी सवै विषय अध्ययन गरी उपलब्ध गराउने सोच रहेको नगरप्रमुख आचार्यले बताए । नगरप्रमुख आचार्यले विपद् व्यवस्थापन सम्बन्धी ठोस् कानून र उद्योग सञ्चालन ऐन र कार्यविधि मापदण्ड कार्यान्वयन गर्न आग्रह गर्दै कार्यान्वयन भए/नभएको अनुगमन गर्ने बताएका छन् । नगर उपप्रमुख मीना पोखरेल उप्रेतीले नगरपालिकाको दमकल खराव भएर मर्मत सम्भारका लागि पठाएको बताएकी छिन् ।

नगरपालिकाको दमकल नभए पनि नगरप्रमुख उपप्रमुखले जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीसँग छलफल गरेर तत्काल मित्रराष्ट्र भारतका विभिन्न स्थानबाट समेत दमकल बोलाइएको बताए । साथै छिमेकी नगरपालिका, गाउँपालिका लगायत मोरङ र इलाम जिल्लाका नगरपालिका र गाउँपालिकाबाट समेत दमकल बोलाइएको जानकारी दिइन् ।

बैठकमा नेकपा एमाले मेचीनगर अध्यक्ष खेमराज ( राजु) पोखरेल, जनता समाजवादी पार्टी नेपालका मेचीनगर अध्यक्ष ओमप्रकाश खापुङ्ग, नेकपा माओवादी केन्द्रका मेचीनगर सचिव ज्ञानेन्द्रकुमार घिमिरे, मेची उद्योग बणिज्य संघ मेचीनगरका अध्यक्ष ऋषिराज तिम्सिना, उद्योग उपाध्यक्ष कपिल क्षेत्री, सचिव रवि नेपाल सहभागी थिए ।

त्यस्तै काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष राजकुमार पराजुली, खानेपानी उपभोक्ता तथा सरसफाई समितिका धुलावारीका अध्यक्ष अजय घिमिरे, खानेपानी उपभोक्ता तथा सरसफाई समिति चारआलीका अध्यक्ष मधु निरौला, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक सुनिल दाहाल, नेपाल रेडक्रस सोसाइटी उपशाखा मेचीनगर अध्यक्ष कुसुम कोइराला, नगरपालिकाका पूर्वाधार विकास शाखा प्रमुख इञ्जिनियर कमल कोइराला, पूर्वाधार विकास समिति संयोजक कृष्ण कनाल, आर्थिक विकास शाखा प्रमुख दीपेन्द्र कार्की, विधेयक समिति संयोजक कुसुम चौधरी, सुशासन तथा क्षमता विकास समिति संयोजक बिन्दा प्रसाईलगायतको बैठकमा सहभागिता थियो ।

### झापाको ...

छन् । त्यस्तै शिवसताक्षी नगरपालिकामा एनपी लामिछानेले इन्चार्जको जिम्मेवारी पाएका हुन् ।

गौरीगञ्ज गाउँपालिकामा विद्यानन्दसिंह राजवंशीले इन्चार्जको जिम्मेवारी पाएका छन् भने मोहनचन्द्र राजवंशी र नरेन्द्र डाँगीले सहइन्चार्जको जिम्मेवारी पाएका छन् । गौरादह नगरपालिकामा पुष्प ढकाल र माधव भट्टराईले क्रमशः इन्चार्ज र सहइन्चार्जको जिम्मेवारी पाएका छन् ।

कमल गाउँपालिकामा प्रताप सुब्बालाई इन्चार्जको जिम्मेवारी दिइएको छ भने दमक नगरपालिकामा वुदु गौतमले इन्चार्जको जिम्मेवारी पाएका छन् ।

तीर्थ बस्नेतले दमकको सहइन्चार्जको जिम्मेवारी पाएका छन् । १५ वटा स्थानीय तहमध्ये अर्जुनधारा, बिर्तामोड, हल्दिवारी, झापा, शिवसताक्षी र कमल गाउँपालिकामा माओवादी केन्द्रले सहइन्चार्ज तोक्न सकेको छैन । कतिपय पालिकामा अझै पनि कमिटीले पूर्ण पाउन नसकेको माओवादी केन्द्र श्रोतले जनाएको छ ।

### छुटेलगत्तै ...

करोड ३८ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । शैलेश पन्त र नारायणप्रसाद घिमिरेलाई ६ लाख रुपैयाँ धरौटी मागिएको छ ।

मदिरामा राजश्व छलेको भन्दै पक्राउ परेको भोलिपल्टै उनी अन्य आपराधिक क्रियाकलापमा समेत संलग्न रहेको खुलेको थियो । अनुसन्धानका क्रममा प्रहरीले उनको नयाँबजारमा रहेको गोदाममा छापा मार्दा राजश्व छलीका अन्य सामग्री समेत बरामद गरेको थियो । गोदामबाट सुर्तीजन्य पदार्थ, कस्मेटिकलगायतका सामग्री बरामद गरेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नुअघि नै उनी फरार आरोपी थिए । करिब वर्षदिन अघि लागूऔषध ओसारपसारको मुद्दा उनीविरुद्ध दर्ता भएको थियो ।

नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोका एसपी एवम् सूचना अधिकारी जीवनकुमार श्रेष्ठले २०७६ पुसदेखि नै उनी फरार रहेको जानकारी दिए । 'उनी महाशाखाले राजश्व छलीको मुद्दा चलाउनु अगावै फरारको सूचीमा थिए, उनको खोजी भइरहेको थियो'- ब्यूरोका सूचना अधिकारी श्रेष्ठले भने । उनका अनुसार २०७६ पुसमा करिब १४ लाख ७४ हजार ट्रामाडोल क्याप्सुल बरामद गरिएको थियो । त्यसमा बखेलको पनि संलग्नता थियो ।

प्रहरीका अनुसार ट्रामाडोल नियन्त्रित औषधि हो । डाक्टरको प्रेस्क्रिप्सनविना यसको बिक्री वितरण तथा सेवन गर्न पाइँदैन ।

त्यस्तै करिब एक महिना अघिको लागूऔषध ओसारपसारमा पनि उनी संलग्न रहेको प्रहरीको भनाइ छ । चार जनालाई राजश्व छलीको मदिरासहित काठमाडौंका विभिन्न स्थानबाट १४ माघमा पक्राउ गरेको थियो ।

धरौटीमा विभागबाट छुटे पनि उनलाई औषधि व्यवस्था विभागले पक्राउ गरेको छ । बखेलको हकमा औषधि व्यवस्था विभागमा पनि अर्को मुद्दा भएकाले त्यता बुझाइएको हो ।

बखेल संलग्न रहेको लागूऔषध ओसारपसारमा प्रतिबन्धित औषधि पनि बरामद भएकाले उनलाई औषधि व्यवस्था विभागमा थप अनुसन्धानका लागि पठाइएको महानगरीय अपराध अनुसन्धान महाशाखाले जनाएको छ । विभागले बखेलबिरुद्ध ५ दिन म्याद लिएर अनुसन्धान गरिरहेको छ ।

### कमल ...

आफू निकटस्थ नेताहरूलाई समेटेर नयाँ पार्टी बनाउनेसम्मको तयारी गरेको भनिएको बेला लिङ्देनले आन्तरिक तयारी थालेका हुन् ।

थापाले सोमबार राजधानीमा आफू निकटका नेताहरूको भेला बोलाएर माग सम्बोधन गर्न लिङ्देनलाई अल्टिमेटम दिएका थिए । निर्वाचनको मिति घोषणाअघि आफ्नो माग सम्बोधन गर्न थापाले लिङ्देनलाई दबाब दिएका थिए । सो अल्टिमेटम समयमा माग सम्बोधन हुन नसकेपछि उनले गृहजिल्ला हेटौडामा पुगेर पत्रकार सम्मेलनमार्फत पार्टी परित्यागको घोषणा गरेका हुन् ।


**पार्लर र मेकअप स्टुडियो बिक्रीमा**
सम्पर्क : ९८४२७०३२४९, ९८०१४४७४१२

**अतिआवश्यक कागजात हराएको सूचना**
झापाको बिर्तामोडबाट चारआली हुँदै चन्द्रगढीसम्म जाने क्रममा माघ २५ गते मंगलवारका दिन अतिआवश्यक कागजातसहितको कालो रंगको पर्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध छ ।
*नोटः पर्स फेला पार्नु हुने महानुभावले आवश्यक कागजात बुझाइदिए उचित पुरस्कार समेत प्रदान गरिनेछ ।*
सम्पर्कः केशव अधिकारी
ठेगानाः अर्जुनधारा-६, दासपुल
सम्पर्कः ९८४२६७२५८६, ९८१७९६३१२८

**कर्मचारी आवश्यकता**
नेपाल सरकारबाट मान्यताप्राप्त यस ग्रेट फ्युचर मार्ट कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारको लागि केही इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला ।
पदः T.O./ T.M./ A.M.
संख्याः ५ जना (महिला, पुरुष) तलबः १३,६००।-देखि १५०००।- सम्म
योग्यताः +२ पास सो सरह
सम्पर्कः ९८१०५५३८३५, ९८१७९३०७७२
GFM को कार्यालय, बिर्तामोड-४, झापा (भद्रपुर स्टेण्ड)
नोटः सञ्चयकोष र बोनसको व्यवस्था रहेको छ ।

**वृद्धा स्याहार गर्ने महिला चाहियो**
बिर्तामोडमा स्थायी घर भएकी, ज्येष्ठ नागरिकको स्याहारका लागि २०देखि ४५ बर्षसम्मकी एक जना महिलाको तु-आवश्यकता परेको हुँदा इच्छुक र स्याहारसुसार गर्न सक्ने महिलाले निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोला ।
तलबः आपसी समझदारीमा (आकर्षक)
सम्पर्क मितिः २०७८ माघ २२ गते शनिबारदेखि २८ गते शुक्रबारसम्म
सम्पर्कः ९८४२७११३०९, ९८०११२९५५६
नोटः बृद्धबृद्धा स्याहार गर्न अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# एउटा सुखद् संकेत

**मिलिनियम च्यालेन्ज कर्पोरेशन अहिलेको सर्वाधिक चासोको विषय बनिएको छ । अमेरिकाको विकास परियोजना अन्तर्गत नेपालसँग सम्झौता भएको एमसीसीलाई विधिवत् र औपचारिक रुपमा ग्रहण गर्ने वातावरण नबनिएकाले सत्तासाझेदार दल र सरकारको टाउको दुखाइको विषय बनिएको हो । सत्ता गठबन्धनका प्रमुख दुई दल नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी दलले एमसीसीका विषयमा फरक धारणा सार्वजनिक गरिरहेकाले प्रधानमन्त्री शेरबहादुर देउवा अप्ठ्यारोमा छन् । राष्ट्रिय चासो र महत्वको परियोजनाहरुमा राष्ट्रिय सहमति जुट्नु सबैका लागि हितकर हुन्छ । त्यसका लागि सरकारमा रहेका दलहरु हुन् वा प्रतिपक्षी दलहरु सबैको साझा सहमति बनिनु पर्छ । तर, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले लामो समयदेखि संसद अवरुद्ध गरेका कारण संसद चल्न सकेको छैन । सरकार र प्रतिपक्षकाबीच संवाद शून्यता छ जसका कारण विवादहरु जस्ताको तस्तै छन् ।**


**एमसीसीपछिको चर्चा र चासोको विषय थियो– स्थानीय तहको निर्वाचन । सत्ता साझेदार दलहरु स्थानीय तहको निर्वाचन पछि सार्ने मनस्थितिमा रहेका बेला पछिल्लोपटक प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष केपी ओलीलाई उनकै निवासमा भेटेर स्थानीय तहको निर्वाचनको तिथि तय गर्ने आधार तयार गरे । त्यसकै आधारमा आउँदो वैशाखमा निर्वाचन एकै चरणमा गर्ने सरकारले निर्णय गरेको छ । सत्ता र प्रमुख प्रतिपक्षका बीचको यो सहमतिले राजनीतिक गतिरोध अन्त्य हुने आशा पलाएको छ । सर्वदलीय बैठकहरुमा प्रतिपक्षी दलकै अनुपस्थितिले एकातिर अविश्वासको वातावरण थियो भने अर्कातिर राजनीतिक चासोका विषयहरु झनै विवादित बनेका थिए । यही अवस्थालाई चिर्दै प्रधानमन्त्री देउवाले ओली निवासमै पुगेर गरेको वार्ताले अन्योल राजनीतिक अवस्थालाई सरारात्मकतातर्फ डोर्‍याएको अनुभूति गर्न थालिएको छ ।**

**सत्तासाझेदार दल माओवादीका अध्यक्ष पुष्पकमल दाहाल समेत सहभागी उच्चस्तरीय वार्ता स्थानीय निर्वाचन, अवरुद्ध संसद र एमसीसीमा केन्द्रीत रहेको थियो । प्रत्येक समस्याको निदान संवादले गर्छ । संवादहीनताले विवादलाई अझै विवादास्पद बनाउँछ । शीर्ष नेतृत्वको पछिल्लो संवादले त्यही अन्योललाई अन्त्य गरेको छ । जसको अनुभव वैशाख ३0 मा स्थानीय निर्वाचन गर्ने सरकारको घोषणामा गर्न पाइयो । अब चौतर्फी चासो र चर्चामा रहेको एमसीसी राष्ट्रहित वा राष्ट्रघात हो त्यसको पनि चित्र प्रकट हुनुपर्छ । अहिले नेताहरुको दन्तबझानले झन् पेचिलो बन्दै गएको एमसीसी राष्ट्रको गौरव र अस्मितासँग जोडिएकोले राष्ट्रको सर्वोपरि हितलाई एकमात्र स्वार्थका रुपमा राखेर निर्णय गर्न ढिला गर्नुहुँदैन ।**

सामाजिक सञ्जाल

अविश्वासमा विश्वास । गठबन्धनलाई हेर्दा स्थानीय तहको चुनाव समयमा हुन्छ भन्ने थिएन । तर, जुन चुनावको घोषणा गरियो यो स्वागत योग्य छ । यसको पूर्णता मेरो पार्टी नेकपा एमालेले जितेर हुन्छ ।

**– कोमल ओली**





अत्यन्तै गलत निर्यण गरेछन् । आफू शीर्ष नेतृत्वमा नरहेपछि पार्टी पनि छोड्ने गलत परम्परा । अब अर्को राप्रपा नामको पार्टी पसल खुल्ने होला ।

**– मुमाराम खनाल**

गाउँ वा जिल्लामा पार्टीको आन्तरिक चुनावमा हार्दा पार्टी छोडेको सुनेको, तर केन्द्रीय अध्यक्षमा हारेपछि पार्टी नै छोडेछन् कमल थापाले । आफू हुँदा सबै ठीक, आफू नहुँदा सबै बेठीक । तेरिमा लाजनीति ।

**– टीका खतिवडा**



# उपभोक्ता समिति : विकासको सारथी कि विरोधी



**उदय मैनाली**

नेपालको चालू पञ्चवर्षीय योजनाको विकासको नारा समृद्ध नेपाल, सुखी नेपालीको आधारमा देशभर विभिन्न स्तरका साना, ठूला योजना, आयोजनाहरु सञ्चालनमा छन् । समृद्धी नेपाल र नेपालीको शान हो । आर्थिक वृद्धी र आर्थिक समृद्धीको लागि नेपालले सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक र प्रशासनिक संघीयताको माध्यम प्रयोग गरेको छ । यी सबै क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन तीन तहका सरकारहरु लागीपरेका पनि छन् । तर, यति कोशिसका बावजुद समृद्धी कुन चराको नाम हो जनताले स्पष्ट रुपमा देख्न र भोग्न पाइरहेका भने छैनन् । समृद्धी आफै आउने हुने विषय पनि होइन ।

यसका लागि राज्यको नीति कार्यक्रम, बजेट तथा योजना कार्यान्वयन पक्ष सबल हुनु पर्दछ । साथै यसका लागि जनताको प्रत्यक्ष सहभागिता रहने स-साना समूहहरुको कामले पनि ठूलो महत्व राख्दछ । त्यस प्रकारका समूहहरुलाई उपभोक्ता समिति भनिन्छ । अहिलेका साढे सात सयभन्दा बढी स्थानीय तहका छ हजार सात सय बढी वडामा उपभोक्ता समितिहरु क्रियाशील छन् । एउटा वडामा हाराहारी ३० देखि ४० को संख्यामा उपभोक्ता समिति गठन भएको पाइन्छ । यस्ता उपभोक्ता समितिलाई थुप्रैखालका आरोप नलागेका पनि होइनन् । तर, अनेकखालका विकल्पहरू भए तापनि यसको प्रयोगमा कुनै कमी आएको छैन ।

उपभोक्ता समिति भनेको उल्लेख्य रुपमा काम गर्ने स्थानीय जागरुक समूह हो । यो पक्षपातरहित ढंगबाट सञ्चालित हुनुपर्छ । यसले आफ्नो कामलाई भोक, तिर्खा नभनी कार्यसम्पादन गर्दछ र सबैसँग तारतम्य मिलाएर अगाडि बढ्छ भने सरसल्लाह र समन्वयलाई आत्मसात गर्दछ । तोकिएको बजेटको सीमाभित्र रहेर मितव्ययी तरिकाले खर्च व्यवस्थापनमा लाग्छ । कार्यादेश बमोजिम तीव्रगतिमा आफ्नो जिम्मेवारी पूरा गर्छ/गर्नुपर्छ ।

उपभोक्ता समितिका मुख्य काम कर्तव्यहरूमा आयोजना सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने, उपभोक्ताहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने, कार्य शुरु गर्दा कार्यालयबाट निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने हुन् । त्यसैगरी आफ्नो कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने, आफ्ना सदस्यहरुको क्षमता




विकास गर्ने, सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने तथा आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने रहेका छन् ।

यसै तवरले आफ्नो दायित्वभित्र रहेर पनि केही काम कारवाही गर्नुपर्ने हुन्छ । आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मतसम्भार गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने, आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य गर्ने, अन्य आयोजनाहरुसँग अन्तर सम्बन्ध कायम गर्ने, असल नागरिकको आचरण पालना गर्नुपर्ने, आफ्नो आयोजनाको फरफारकका लागि कार्यालयमा कागजात पेश गर्ने एवम् तोकिए बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्ने आदि पर्दछन् ।

उपभोक्ता समितिलाई आमरुपमा केही आरोपहरू लाग्ने गरेको सुनिन्छ । जस्तैः यसले बिचौलियाको काम गर्छ । सधैँ ऋण मात्र देखाउँछ । श्रमदान नाम मात्रको देखाउँछ । गुणस्तरीय काम गर्न सक्दैन । राजनीतिक भागबण्डामा रमाउँछ वा कतै एकलौटी पनि गर्दछ । स्थानीय सीपको प्रयोग हुँदैन आदि ।

निर्वाचित जनप्रतिनिधिहरू, राजनीतिक दलका पदाधिकारी, सरकारी कर्मचारीहरू तथा शिक्षण पेसाका कर्मचारीहरूलाई उपभोक्ता समितिमा राख्न नपाइने व्यवस्था विपरीत पनि अप्रत्यक्ष रुपमा राखेर काम गरे/गराएको पनि पाइन्छ । आज यस्ता आरोपलाई आम उपभोक्ताहरूले न्यूनीकरण गर्नु जरुरी छ ।

खास विकास चाहिएको गाउँमा नै हो । गाउँमा विकास गर्ने अगुवा भनेकै उपभोग गर्नेवाला नै हुन् । उपभोग गर्नेहरू मध्येबाटै उपभोक्ता समिति बन्छ । यिनीहरूले सबै प्रकारका विकासका काम गर्दछन् । यस्ता विकासको वृद्धि उपभोक्ता समितिबाटै हुने देखिन्छ । सबै उपभोक्ता समितिहरूबाट भए गरेका सम्पूर्ण कामहरूको समष्टि नै समृद्धिको सूचक हो । यस्ता सूचकमा सहयोग गर्नका लागि गाउँ-गाउँमा उपभोक्ता समितिहरु बाह्रै महिना क्रियाशील रहेको पाइन्छ । यसैले उपभोक्ता समितिलाई समृद्धिका सम्वाहक भन्न सकिन्छ ।

यिनीहरूले सबैजसो विकासका कामहरू गरेकै छन् । राम्रो तरिकाले सम्पन्न भएका योजनाले गाउँ-गाउँमा समृद्धिको खाका कोरेको देखिन्छ । यस अर्थमा उपभोक्तालाई समृद्धिका सम्वाहक मान्न सकिन्छ । जसले जुन कुरा प्रयोग गर्ने हो, उसैको मातहतमा रही निर्माण वा कार्यान्वयन गर्ने समूह नै उपभोक्ता समूह हो । यो पहिलो गणतान्त्रिक निर्वाचित जनप्रतिनिधिको कार्यकालमा समृद्धिको जग थाप्ने काम उपभोक्ता समितिहरूले गरेका छन् ।

यसरी गाउँ-गाउँमा आफ्नो विकासका काम आफै गर्ने परिपाटीको संस्कार पारदर्शी, स्वच्छ प्रतिष्पर्धा, जिम्मेवारी र उत्तरदायी तवरले हुने हो भने पक्कै पनि उपभोक्ता समितिको महत्ता र उपयोगिता सुदृढ हुँदै जाने कुरामा दुईमत नरहला । तर, गाउँ-गाउँमा रहेका स्थानीय दलका नेता कार्यकर्ताको आर्थिक स्वार्थसँग जोडेर यस्ता योजनाको उपभोक्ता समिति बन्ने अहिलेको जस्तो विकृती बढ्ने हो भने स्थानीय स्तरदेखी भ्रष्टाचारको अखडा बन्दै जाने र यसले कालान्तरमा असफल राज्यको रुपमा हामीलाई परिणत गर्ने छ ।

तसर्थ, गाउँको विकासमा लाग्न चाहने जो कोही नागरिकले आफ्नो इमान्दारिताको परीक्षामा अब्बल उत्रिन सक्नुपर्छ र त्यस संलग्न योजना प्रचलित कानून र आर्थिक पारदर्शितासहित सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई एवम् लेखा परीक्षण गराई कार्य सम्पन्न गर्नु पर्दछ ।

# 'स्थानीय तह' निर्वाचन इतिहासलाई फर्केर हेर्दा...


स्थानीय तहको आगामी निर्वाचन आगामी वैशाख ३० गतेका लागि घोषणा भएको छ । मन्त्रिपरिषद्को बैठकले आगामी नयाँ सालको पहिलो महिनामै एकै चरणमा गर्ने निर्णय गरेको हो । स्थानीय तह निर्वाचनका सन्दर्भमा संविधान र कानूनप्रति राजनीतिक बुझाइमा देखिएको फरकपन र द्वविधाका बीच मिति घोषणा भएसँगै निर्वाचनको अन्योल स्वतः हटेको छ ।

नेपालमा स्थानीय तहको पहिलो निर्वाचन वि.सं. २००४ जेठ २९ गते काठमाडौं म्युनिसिपालिटी प्रारम्भ भएको इतिहास छ । नेपालको संविधान जारी भएपछि गाउँपालिका, नगरपालिका र जिल्ला समन्वयन समिति नाम कायम गरिएको छ । यसअघि स्थानीय तहलाई म्युनिसिपालिटी, नगरपालिका, गाउँ पञ्चायत, नगर पञ्चायत, गाउँ विकास समिति, नगरपालिका, जिल्ला पञ्चायत, जिल्ला विकास समिति आदि नामले चिनिँदै आएको निर्वाचन आयोगद्वारा प्रकाशित प्रश्नोत्तर पुस्तकमा उल्लेख छ ।

वि.सं. २००४ मा भएको काठमाडौं म्युनिसिपालिटीको निर्वाचनपछि मुलुकमा नगरपालिका निर्वाचन वि.सं. २०१० भदौ १७ गते भएको थियो । त्यसैगरी स्थानीय निर्वाचन वि.सं. २०१४ माघ ७ गते, गाउँ पञ्चायत निर्वाचन वि.सं. २०१८ फागुन ७ देखि विभिन्न मितिमा सम्पन्न भएका थिए । काठमाडौं म्युनिसिपालिटीको २०१० सालमा भएको निर्वाचनमा वडा नं. ८ बाट साधनादेवी प्रधान प्रथम निर्वाचित जनप्रतिनिधि बन्न सफल हुनुभएको थियो ।

आयोगका अनुसार, नगर पञ्चायत निर्वाचन वि.सं. २०१९ जेठदेखि विभिन्न मितिमा, जिल्ला सभा र जिल्ला पञ्चायत निर्वाचन वि.सं. २०१९ देखि विभिन्न मितिमा, अञ्चाल सभा र अञ्चल पञ्चायत निर्वाचन वि.सं. २०२० देखि विभिन्न मितिमा सम्पन्न भएका थिए । स्थानीय तह निर्वाचनका रूपमा वि.सं. २०३९ वैशाख २८ र ३१ तथा जेठ ३ र ४ गते गाउँ पञ्चायत तथा नगर पञ्चायत, वि.सं. २०३९ असार २ गते जिल्ला पञ्चायत, वि.सं. २०४३ साल चैत ७ र १० गते गाउँ पञ्चायत तथा नगर पञ्चायत एवम् वि.सं. २०४४ साल वैशाख २६ गते जिल्ला पञ्चायतको निर्वाचन भएको इतिहास छ ।

मुलुकमा प्रजातन्त्रको पुनः स्थापना भएपछि स्थानीय तहको निर्वाचनका रूपमा वि.सं. २०४९ जेठ १५ र १८ गते गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन, वि.सं. २०४९ असार १३ गते जिल्ला विकास समिति निर्वाचन, वि.सं. २०५४ जेठ ४ र १३ गते गाउँपालिका र नगरपालिका निर्वाचन तथा वि.सं. २०५४ असार २७ गते जिल्ला विकास समितिको निर्वाचन भएको थियो । वि.सं. २०६२ माघ २६ गते पनि नगरपालिका निर्वाचन भयो ।



**अघिल्लो स्थानीय तह निर्वाचन**

मुलुकमा २०६२/०६३ को जनआन्दोलनको उपलब्धिकारूपमा संविधानसभाबाट नेपालको संविधान जारी भएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय तहको पहिलो निर्वाचन तीन चरणमा भएको थियो । वि.सं. २०७४ वैशाख ३१, असार १४ र असोज २ गते सो स्थानीय तहको निर्वाचन भएको हो । सिंहदरबारको अधिकार स्थानीय सरकार मार्फत जनता कै घरदैलोमा पुऱ्याउने उद्देश्यसहित भएको निर्वाचनमा ५७ राजनीतिक दलले भाग लिएकामा १८ राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रह्यो ।

स्थानीय तहको निर्वाचनमा दुई सय ३३ स्वतन्त्रसहित ३५ हजार ४१ जनप्रतिनिधिको निर्वाचित भएका थिए । त्यस निर्वाचनका लागि एक करोड ४० लाख ७४ हजार चार सय २४ मतदाता कायम भएकामा एक करोड चार लाख ८९ हजार दुई सय चार अर्थात् ७४.५३ प्रतिशत मतदान भएका थियो । निर्वाचनमा राजनीतिक दलबाट ८३ हजार आठ सय ३६ पुरुष, ५६ हजार चार सय २७ महिला, दुई तेस्रो लिङ्गी तथा स्वतन्त्रतर्फ छ हजार छ सय ८२ पुरुष, एक हजार चार सय १५ महिलासहित एक लाख ४८ हजार तीन सय ६४ उम्मेदवारले प्रतिस्पर्धा गरेको निर्वाचन आयोगले उल्लेख गरेको छ ।

उक्त स्थानीय तह निर्वाचनमा सबैभन्दा सानो १८ लहर र सबैभन्दा ठूलो ६८ लहरको मतपत्र कायम गरिएको थियो । आयोगले उक्त निर्वाचनका लागि १७ स्थानीय भाषामा निर्वाचन सूचना सामग्री बनाइएका थिए । मुलुकमा हाल छ महानगरपालिका, १२ उपमहानगरपालिका, दुई सय ७५ नगरपालिका र चार सय ६० गाउँपालिका गरी कूल सात सय ५३ तह र छ हजार सात सय ४३ वडा कायम छ ।

लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेका मुलुकमा निर्वाचनलाई लोकतन्त्रको प्रणवायु भन्ने गरिन्छ । धुनिक प्याथोलोजी (बिद) स्थापना गर्न आवस्यक सामग्री र मेचीनगरका तीन वटा वडामा Hematology Anylyzer (3 part) ल्याब सुचारु गर्न एक करोड रकम विनियोजन गरेको हो ।

सर्वसाधारणलाई पहुँच पुग्ने स्थानीय ल्याब बिनाका वडा स्वास्थ्य कार्यालयमा ल्याव उपकरणसहित जडान गरी दक्ष प्राविधिकको दरबन्दी माग गर्ने योजना रहेको छ । नगरबाट दक्ष प्राविधिक आह्यन गरी आवश्यक कर्मचारी पूर्ति गर्ने योजना रहेको सांसद कार्की पार्थको भनाइ छ ।

त्यसैगरी स्थानीय पालिका बजेट कार्यक्रम अन्तर्गत सरकारी एवम् सामुदायिक विद्यालयमा सूचना-प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला, पुस्तकालय निर्माण, खेल मैदानको व्यवस्थापनका लागि १० लाख बजेट विनियोजन गरिएको छ । आदिवासी-दलित महिला उत्थानका लागि ऐतिहासिक साहित्य-संस्कृतिको जगेर्ना गर्न पुरातात्विक सम्पदा निर्माण-संरक्षण गर्न १० बजेट लाख विनियोजन गरेको छ ।

त्यस्तै झापाको मेचीनगरका १६ वटा सामुदायिक विद्यालयमा सूचना-प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला, पुस्तकालय निर्माण, खेलमैदानको व्यवस्थापन, स्वच्छ पिउने पानी, बालिकाका लागि सेनेटरी प्याड मेसिनको व्यवस्थापकका लागि ७० लाख विनियोजन गरेको सांसद सुरेन्द्र कार्कीले जानकारी दिए । स्थानीय विकास साझेदारी नीति कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/०७८ सालको उक्त बजेट विनियोजन गरिएको प्रदेश नम्बर १ का सांसद सुरेन्द्र कार्की पार्थले बताए ।

बुद्धशान्ति गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई सट्टाभर्ना वडा नं. ४, इकाई स्वास्थ्य केन्द्र बर्ने-४, सामुदायिक स्वास्थ्य इकाई शान्तिनगर-६, सामुदायिक स्वास्थ्य इकाई सुनमाई-७ मा अत्याधुनिक प्याथोलोजी (विद) स्थापना गर्न आवश्यक सामग्रीका लागि प्रत्येक कार्यालयमा दुई लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छ । सामुदायिक स्वास्थ्य इकाई सुनमाई-७ को कम्पाउण्ड गर्न १० लाख छुट्याएको छ ।

झापाका सामुदायिक विद्यालयमा व्यवस्थित ल्यावको प्रयोगशाला नभएको अवस्थामा प्रदेश सरकारले ल्याव व्यवस्थापनका लागि बजेट विनियोजन गरेकोले अध्ययरत् विद्यार्थीका लागि अनुकरणीय काम हुनेछ ।

# जुत्ता बनाउने तालिम सम्पन्न




**दुहागढी, माघ २५।** जुत्ता बनाउने १५ दिने तालिम मेचीनगर-१४ दुहागढीमा सम्पन्न भएको छ ।

श्रेय सृजनामहिला बचत तथा ऋण सहकारी संस्थाको आयोजना तथा मेचीनगर नगरपालिकाको आर्थिक सहयोगमा तालिम सम्पन्न भएको हो । स्थानीय १८ जना महिलाहरुको सहभागिता रहेको प्रशिक्षणमा प्रशिक्षक वाजिर शेखले सहजीकरण गरेका थिए ।

तालिम समापन समारोहमा प्रमुख अतिथि मेचीनगर नगरपालिकाकी उपप्रमुख मिना उप्रेतीले सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेकी थिइन् ।

कार्यक्रममा बाल सुबोधिनी माविका प्रधानाध्यापक विश्व थापा, लघुउद्यम महासंघ झापाकी अध्यक्ष निर्मला चौहान, कार्यपालिका सदस्य बिन्दा प्रसाईं, प्रमुख अतिथि उप्रेती लगायतले मन्तव्य राख्दै सिकेको सिपलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिएका थिए ।

आयोजक संस्थाकी अध्यक्ष कृष्णकुमारी सुवेदीको सभापतित्व तथा सचिव मेनुका घिमिरेको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत व्यवस्थापक हरिमाया बरालले गरेकी थिइन् ।

# तोरी पकेट कार्यक्रमको अनुगमन

**पथरीशनिश्चरे, माघ २५।** मोरङ्गको उर्लाबारी नगरपालिका-४ र ८ नं. वडामा सञ्चालित तोरी पकेट कार्यक्रमको अनुगमन गरिएको छ ।

नगरस्तरीय कृषि कार्यक्रम अन्तर्गत वडा नम्बर ४ र ८ मा हाल सञ्चालन भइरहेको तोरी पकेट कार्यक्रमको अनुगमन गरिएको हो । उर्लाबारी नगरपालिका उपप्रमुख लक्ष्मीदेवी भण्डारीले कृषि शाखाका प्राविधिकसहितको टोलीले अनुगमन गरेको हो ।

सिसौली, भानु मार्ग, शान्तिटोल लगायतका विभिन्न १२ वटा कृषक समूहलाई तोरीको बीऊ, सल्फर, बिषादि, त्रिपाल, डिजिटल काटा, मिनी टिलर, स्प्रेयर न्यापस्या ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको थियो । साथै, सिँचाइको लागि २ एच पीको मोटर र पाइप पनि ८५ प्रतिशत अनुदानमा वितरण गरिएको हो ।

# चार महिनापछि मेची राजमार्ग खुल्यो

**इलाम, माघ २५।** गएको चार महिनादेखि पहिरो गएर अवरुद्ध भएको मेची राजमार्ग खुलेको छ ।

पहिरो झरेर छिनेको इलाम सदरमुकामस्थित धोबीधारा नजिकैको सडक मर्मतपछि सोमबारदेखि खुलेको हो । मर्मत भएको सडक कच्चीरूपमा खोलिएको, एकतर्फी सडक सञ्चालनमा आएको बताइएको छ । पहिरो झरेको माथिल्लो भागको भित्तो कोपरेर सवारीसाधन गुड्ने गरी सडक निर्माण गरिएको छ ।

तत्कालका लागि मालवाहक सवारी एकतर्फीरूपमा मात्र सञ्चालन हुने गरी सडक निर्माण गरिएको जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख महेन्द्र श्रेष्ठले जानकारी दिए । मेची राजमार्गमा पहिराका कारण सडक झरेपछि ताप्लेजुङ, पाँचथर लगायतबाट इलाम हुँदै झापा तथा काठमाडौँसम्म सञ्चालन हुने साना तथा ठूला सवारी इलाम बजार भएर नै गुड्ने गरेका थिए । अब भने इलाम बजारको जाम समेत हट्ने भएको छ ।

करिब तीन महिनायता ठेक्का लागेर निर्माणाधीन पक्की सडक भने सम्पन्न हुन अझै केही समय लाग्ने भएको छ ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**डा. रामकुमार सिटौला**
MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।



**पार्लर बिक्रीमा**

बिर्तामोडस्थित एमिटी कलेज छेउमा चालू अवस्थामा रहेको ब्यूटीपार्लर बिक्रीमा छ ।
सम्पर्क :
९८१८८७९७३६/९८२४९६८८२४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की अब प्रति ट्यांकी रु. २०००।- मा सफाई गरिने छ ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मानध्वज राईको नाति, लाखमान राईको छोरा १ नं. प्रदेश इलाम जिल्ला देउमाइ नगरपालिका वडा नं. ०३ बस्ने राजकुमार राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३००२०२ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७८/०५/३१ मा निज खातावाला राजकुमार राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमति नाता पर्ने बुद्धमाया राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक राजकुमार राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिननपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकबम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर :- ०२७-५२१७२४
फ्याक्स :- ०२७-५२१७३१

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| पंचानन्द राजवंशी | बालुवाडी-६ | ८५ | २५४.०० | गोदु/जोदो राजवंशी |
| पंचानन्द राजवंशी | बालुवाड-६ | ८४९ | ६४८.३३ | अल्फा कोल |
| पंचानन्द राजवंशी | बालुवाडी-६ | १९२<br>१९१ | १६२५५.००<br>५५५५.०० | जनाकु राजवंशी |
| पंचानन्द राजवंशी | बालुवाडी-६ | ३०५<br>३०७ | ११६०.००<br>१३७५.०० | शंभु/शम्भु राजवंशी |
| पंचानन्द राजवंशी | बालुवाडी-६ | ८५६ | ३३८.६३ | बेलागोडा/बेलाघोडा राजवंशी |
| इश्वर सिं. राजवंशी | बालुवाडी-१ | २१ | १११०.०० | फागुलाल/मुलुकचन राजवंशी |
| रमादेवी कँडेल | दमक-९ | १३८३ | ०-२-० | मनका थारु |
| सुकमति राजवंशी | पथरिया-५ | ९५<br>१२० | १६४५.००<br>५५०.०० | भारी घटल खउगभि बुधकरण समेत |
| सितलाल राजवंशी | हल्दिबारी-७ | ८१२ | ०-१-१० | मुन्सी हेमरम सतार |
| जलेश्वर महतो | महाभारा-१ | ५४०<br>५३८ | ०-७-०<br>१-७-१० | लोथरु मुर्मु सतार |
| जलेश्वर महतो | महाभारा-१ | ५४३<br>५४४ | ०-८-०<br>०-२-२ | चुनु मुर्मु सतार |
| जलेश्वर महतो | महाभारा-१ | ५४१<br>५५१ | ०-५-५<br>०-९-० | सम बास्के सतार |
| शुसिला कटुवाल ढकाल | महाभारा-४ | ८१० | १-२-० | चमा मुर्मु सतार |


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**ठाकुर पोलिक्लिनिकमा**
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१



**G4S कुवेतमा सेक्युरिटी गार्ड र USS दुबईमा DPS गार्डहरूलाई रोजगारको धमाका**

कम्पनी : BAKMART CO.
LT No. 212236 | चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | DPS Security Guard महिला/पुरुष | 100 | 2200/-AED | १२ घण्टा २६ दिन | | |

फाइनल अन्तरवार्ता यही माघ २७ गते बिहीबार बिर्तामोडमा हुनेछ ।

कम्पनी : G4s Security Company, Kuwait

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Security Guard महिला/पुरुष | 150 | 142/- KD | १२ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

सेक्युरिटी गार्डको लागि उमेर २० वर्षदेखि ४० वर्षसम्म हुनुपर्नेछ ।
बेसिक सेलरी १४२KD भएता पनि यसभन्दा अघि गएकाले २४०KD कमाइरहेका छन् ।

फाइनल अन्तरवार्ता यही माघ २६ गते बुधबार बिर्तामोडमा हुनेछ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९)

**उपकार** ब्राण्ड
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
[redacted] नटराज एग्रो प्रा. लि. दमक [redacted]
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
२८६२२७४४०५, ९८२०७१६१३०, ९८२ [redacted]



**जनहितमा जारी सन्देश**

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौं ।

मास्कको सही प्रयोग गरौँ ।
भौतिक दूरी कायम गरौँ ।
बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौँ ।
भिडभाड नगरौँ ।
स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौँ ।
कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔँ ।

कोभिड-१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको, आफ्नो लाभांशप्रति अरूले दावी गर्न सक्छन् धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय बलवान रहेको छ, अपरान्न पछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दूरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला [redacted]

**कर्कट (हि, हु, हे, हो, डा, डि,** [redacted]
समय मिश्रित तथा फलदायी छ [redacted] आँखा
सम्बन्धी समस्याले सताउन स [redacted] बाट
सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा,** [redacted]
स्वास्थ्यले साथ दिने छैन, शरीर [redacted] दा हुनेछ,
अनावश्यक चिन्तनले शरीर गल [redacted] खिन्न
रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ** [redacted]
पराक्रम बढेर जानेछ, बिग्रन ल [redacted] नाले
हौसला बढ्ने छ, छोटो दूरीक [redacted], मन हर्षित रहला ।

**तुला (र, रि, रु, रे, रो, ता** [redacted]
आजको दिन समयले साथ [redacted] नचिताएको ठाउँमा
धन खर्च गर्नुपर्दा मन खिन्न [redacted], परिवारजन बिमुख
हुने छन् ।

**वृश्चिक (तो, ना, नि, नु,** [redacted] **, यु) -**
व्यापार-व्यवसायमा पदोन्नत [redacted] धन लाभ होला,
उत्तम भोजन प्राप्त हुन स [redacted] न्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध** [redacted] -
समय अत्यन्तै बलवान छ, [redacted] मा वृद्धि ह [redacted]
व्यापार-व्यावसायमा सन्तोष [redacted] प्राप्त हुने [redacted]

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईंको समय उत्तमसिद्धि रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
[redacted] पेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर
[redacted] छ, साथीभाइले पूर्ण सहयोग गर्ने छन्, मन
[redacted] ला ।